People's Power Ltd.
Regd.No.: 162590/073/074
**People's Power Limited**
Kamal Pokhari, Kathmandu,
Tel: 01-4437611

# प्रेस विज्ञप्ति

यस पिपल्स पावर लिमिटेडको प्रबर्द्धनमा निर्माणधिन ४.९६ मेगावाट क्षमताको पुवा-२ जलविद्युत आयोजनाको विद्युत खरिद-बिक्री सम्झौता (पिपिए) आज मिति ०५/०५/२०७४ मा सम्पन्न भएको छ । कम्पनीका तर्फबाट प्रबन्ध संचालक श्री भरत बहादुर खत्री र नेपाल विद्युत प्राधिकरणका तर्फबाट निमित्त प्रबन्ध निर्देशक श्री जगदीश्वरमान सिंहले उक्त विद्युत खरिद-बिक्री (पिपिए) सम्झौतामा हस्ताक्षर गर्नुभएको छ ।

यस सम्झौता अन्तर्गत नेपाल विद्युत प्राधिकरणले उक्त आयोजनाबाट उत्पादित बिद्युतलाई नयाँ विद्युत खरिद-बिक्री नियमानुसार आयोजनाबाट उत्पादित विद्युतले हिउद र बर्षायाममा ६/६ महिनाको दरले खरिद-बिक्री दर प्राप्त गरेको छ । प्राधिकरणले कम्पनीसँग बर्षायामको ६ महिना प्रति युनिट विद्युत रु. ४।८०- र सुख्खायामको ६ महिना प्रति युनिट विद्युत रु. ८।४०- मा खरिद गर्ने सम्झौता गरेको छ । यस आधारमा यस आयोजनाले अन्य पुराना आयोजना भन्दा प्रति मेगावाट करिब २०% थप वार्षिक आम्दानी गर्न सक्ने छ । साथै, आयोजना संचालन भए पश्चात पहिलो आर्थिक वर्षबाट बार्षिक न्युनतम १२ प्रतिशतका दरले लाभाशं उपलब्ध गराउने क्षमता रहने छ ।

आज भएको पिपिए लगत्तै कम्पनीले इलामको माइपोखरी र साखेजुङ्ग भई बग्ने पुवा खोलाबाट ४.९६ मे.वा. क्षमताको जलविद्युत आयोजना निर्माण कार्य तीब्र रुपमा अगाडी बढाउने छ । सो आयोजना बढीमा २४ महिनाको अवधि भित्र सम्पन्न गरी इलामको गोदक सवस्टेशनमा अवस्थित विद्युत प्रशारण लाइन जोडी विद्युत प्रवाह गर्ने लक्ष्य रहेको छ । प्रति मेगावाट करीव रु. १८ करोड लागत लाग्ने सो आयोजनाको कूल लागत रु. ९० करोड रहेको छ । सो मध्ये रु. ३० करोड शेयर लगानी मार्फत जुटाउनेछ भने बाँकी रु.६० करोड विभिन्न बैंकको सहवित्तियकरणमा वित्तियि व्यवस्थापन गरीने छ । सो सम्बन्धमा नेपाल बंगलादेश बैंकबाट आशय पत्र प्राप्त भई सकेको छ । प्रबर्द्धक कम्पनी स्थापनाकालदेखि नै पब्लिक लिमिटेड कम्पनीका रुपमा रही आएको र १ वर्ष भित्रै कम्तीमा ५०% निर्माण कार्य सम्पन्न गरी स्थानीय बासिन्दा र सर्वसाधारणका लागि कुल शेयर लगानीको ३० प्रतिशत प्राथमिक शेयर निष्काशन (Initial Public Offering) गर्ने लक्ष्य रहेको छ ।

थप जानकारीको लागि सम्पर्क :

भरत बहादुर खत्री, प्रबन्ध संचालक मो. नं ९८५१०२७९९२
अशोक सिटौला, आयोजना प्रबन्धक मो नं ९८५१०७३७८९

भवदिय,

People's Power Limited
Kamal Pokhari, Kathmandu

भरत बहादुर खत्री
प्रबन्ध संचालक
पिपल्स पावर लिमिटेड
कमल पोखरी, काठमाण्डौं
मिति : ०५/०५/२०७४